मनाङ डिस्याङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

Email: manangngisyangrmun@gmail.com
Website: nesyangmun.gov.np
Phone: 9856049460
Office: 9856049331

प.सं.:- ०७७|०७८
च. नं.:-

मिति:-२०७७|०६|०८

पकेट कार्यक्रम संञ्चालनको लागि सुचिकृत हुने सम्बन्धि सुचना ।

प्रकाशित मिति २०७७/०६/०८

यस कार्यालयको आ.व.२०७७/०७८ को वार्षिक स्विकृत ससर्त तर्फको कार्यक्रम अनुसार **"राष्ट्रिय र स्थानिय महत्वको खाद्य तथा पोषण सुरक्षमा टेवा पुर्याउने वालि वस्तुको साना व्यसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन"** का लागि स्विकृत कार्यक्रम र बजेट परिधि भित्र रहि तपशिल अनुसारको बालिमा सञ्चालन गर्नुपर्ने भएकाले ईच्छुक कृषक समुह, कृषि सहकारी र कृषक उद्यमीहरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १० दिन भित्र (मितिः-२०७७/०६/१८ गते सम्म) यस कार्यालयमा सुचिकृत गराउनुहुन यो सुचना प्रकाशित गरीएको छ ।

खाद्यान्न बालिको लागि १० हेक्टर क्षेत्रफल खेति योग्य जमिन ।
आलु तथा तरकारी बालिको लागि ५ हेक्टर क्षेत्रफल खेति योग्य जमिन ।

<u>तपशिल</u>

पकेट कार्यक्रम संञ्चालन हुने संभावित बालिहरूः- आलु, फापर, तरकारी तथा अन्य कुनै संभावित कृषि बालि भएमा सो समेत ।

पेश गर्नु पर्ने आवश्यक कागजातहरुः-

१. सम्बन्धित कृषक समुह/कृषि सहकारी/कृषक उद्यमीको निवेदन ।
२. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
३. कृषक समुह/कृषि सहकारी/कृषक उद्यमी दर्ता प्रमाण पत्र ।
४. कृषक समुह/कृषि सहकारी/कृषक उद्यमीको माथि उल्लेखित बालि मध्ये एक बाली र क्षेत्रफल खुलेको निर्णयको प्रतिलिपि।
५. जग्गा धनि प्रमाण पूर्जा वा भाडामा जग्गा लिएको भए सम्झौता पत्र ।
६. सम्बन्धित समुहको सदस्यहरूको नागरिकता प्रमाण प्रत्रको प्रतिलिपि ।

०७७।६।८